# सान्नीत्रिवेणी गाउँपालिका स्तरिय खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला व्यवस्थापन तथा संचालन सम्बन्धी कार्यविधि २०८२

सान्नीत्रिवेणी गाउँपालिका

मेहलमुडी, कालिकोट

कर्णाली प्रदेश, नेपाल

## परिच्छेद १

### संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "सान्नी त्रिवेणी गाउँपालिका स्तरिय गुणस्तर परिक्षण प्रयोगशाला व्यवस्थापन तथा संचालन सम्बन्धी कार्यविधि २०८२" रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्विकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) प्रयोगशाला व्यवस्थापन तथा संचालन समिति भन्नाले प्रयोगशाला संचालनलाई व्यवस्थित बनाउन पालिका प्रमुखको अध्यक्षतामा गठित समिति बुझिन्छ ।

(ख) खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला भन्नाले गाउँपालिकामा स्थापना भई संचालित खानेपानी गुणस्तर परिक्षण प्रयोगशालालाई बुझिन्छ ।

(ग) खानेपानी गुणस्तर मापदण्ड : खानेपानी गुणस्तर भन्नाले नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०७९ मा तोकिए वमोजिमको र भविष्यमा संशोधन हुने मापदण्ड भनी बुझ्नु पर्नेछ ।

## परिच्छेद २

**२.१ लक्ष्य :**

घरायसी तथा संस्थागत तहमा प्रयोग गरिने पानीको समय समयमा गुणस्तर परीक्षण गर्ने अभ्यासलाई प्रवर्द्धन गरी जनतालाई सुरक्षित पानीको उपलब्धता वा प्रयोग बारे सुसूचित गरी सुरक्षित पानी पाउने अधिकारको सुनिश्चितता कायम गर्ने ।

**२.२ उद्देश्यहरु :**

२.२.१ यस पालिकामा वसोबास गर्ने आम नागरिकलाई पानीको गुणस्तर र यसको परीक्षण बारे सुसूचित गरी सुरक्षित पानीमा पहुँच अभिवृद्धि गर्ने ।

२.२.२ घरायसी तथा संस्थागत तहमा प्रयोग गरिने पानीको गुणस्तर जाँचको सेवालाई दिगो, सर्वसुलभ र सहज रुपमा उपलब्ध गर्ने ।

२.२.३ स्थानीय स्तरमा खानेपानीको गुणस्तरबारे जनचेतना विस्तार गर्ने ।

२.२.४ उपभोक्ता समिति वा अन्य सेवा प्रदायकहरु, बोतल वा जारको पानी वितरक आदि द्वारा वितरण गरिने पानीको गुणस्तर नियमित जाँच गर्ने ।

२.२.५ विपद्‌को बेलामा जनस्वास्थ्यको सुरक्षाको लागि नियमित रुपमा पानीको गुणस्तर परीक्षण गर्ने ।

**२.३ रणनीति :**

२.३.१ नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार भौतिक, रसायनिक तथा जैविक गरी २७ प्रकारका गुणस्तर पारामितिहरुको परीक्षण गर्ने व्यवस्था भए अनुरुप ५ प्रकारका पारामितिहरु स्थानीय स्तरमा नै परीक्षण गरी यस सम्बन्धि सेवाहरु उपलब्ध गराउने ।

२.३.२ हरेक घर तथा संस्थागत तहमा वार्षिक कम्तिमा २ पटक गुणस्तर परीक्षण गर्ने परिपाटीलाई प्रवर्द्धन गर्ने ।

२.३.३ दिगो विकास लक्ष्य अनुसार सुधारिएको जनताको पहुँच, अभिवृद्धि गरी सफा र सुरक्षित पानीयुक्त समुदाय निर्माणमा टेवा पुर्याउने ।

२.३.४ सेवा प्रदायकहरुले वितरण गरेका पानीको गुणस्तर नियमित जाँच गरी जनस्वास्थ्यमा पर्न सक्ने असरहरु न्यून गर्ने ।

२.३.५ विपद्‌को बेलामा प्रभावितहरुलाई वितरण गरिने सबै पानीको संकलन गरी नियमित रुपमा परीक्षण गर्ने ।

परिच्छेद ३

## स्वामीत्व, व्यवस्थापन तथा संचालक समिति र संचालक समितिको काम, कर्तव्य र अधिकार

### ३.१ प्रयोगशालाको स्वामित्व र संचालन :

यस पालिकास्तरको खानेपानीको गुणस्तर परीक्षण प्रयोगशालाको स्वामित्व, दैनिक सेवा प्रवाहको लागि आवश्यक व्यवस्थापन तथा संचालनको सम्पूर्ण दायित्व र जिम्मेवारी यसै पालिकामा निहित रहने छ ।

### ३.२ प्रयोगशाला व्यवस्थापन तथा संचालन समितिको गठन र संचालन प्रक्रिया :

यस प्रयोगशालाको दिगो व्यवस्थापन तथा संचालनका लागि एक संचालक समिति गठन गरिने छ। यसरी गठन भएको समितिले यसको व्यवस्थापन चुस्त बनाउन, दैनिक सेवा प्रवाहको लागि कर्मचारीको व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्थापन गर्न भुमिका निर्वाह गर्ने छ। समितिमा तपसिल वमोजिमका सदस्यहरु हुनेछन् ।

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य
(ग) सामाजिक विकास शाखा हेर्ने गाउँपालिकाको सदस्य – सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(ङ) वास क्षेत्रमा काम गर्ने गै.स.स. हरु मध्ये बाट एकजना – सदस्य
(च) राजस्व शाखाको प्रतिनिधि – सदस्य
(छ) स्वास्थ्य शाखाको संयोजक वा निजले तोकेको प्रतिनिधि- सदस्य
(ज) खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा प्रमुख – सदस्य सचिव

यसरी गठन भएको संचालन समितिले प्रयोगशालाको दैनिक कार्य व्यवस्थापन तथा संचालनका लागि सम्बन्धित पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता हेर्ने सम्पर्क व्यक्ति ( WAAH Focal Person) लाई संयोजक बनाई जिम्मेवारी दिनेछ ।

### ३.३ समितिको काम,कर्तव्य र अधिकार :

कार्यविधिको परिच्छेद ३.२ अनुसार गठित समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछन् ।

(क) प्रयोगशालामा दैनिक व्यवस्थापन र सेवा प्रवाहलाई चुस्त बनाउन आवश्यक दैनिक प्रशासनीक व्यवस्था मिलाउने ।

(ख) सेवा प्रवाहका लागि कर्मचारी नियुक्ति गर्ने वा एकपटक नियुक्त भएको कर्मचारीले प्रयोगशालाको आवश्यकता अनुसार कार्य नगरेमा नियुक्ति बदर वा खारेज गर्ने र कर्मचारीको सेवा सुविधा सुनसश्चित गर्ने ।

(ग) प्रयोगशालाको आम्दानीको चौमासिक आय- व्यय प्राख्र लगाउने र उपलब्ध स्रोतको परिच्छेद ६.२ अनुसार आम्दानी तथा राजस्वको बाँडफाड गर्ने ।

(घ) प्रयोगशाला र गाउँकार्यपालिका विचमा समन्वय र सेतुले कार्य गर्ने ।

(ङ) प्रयोगशालाको दिगो व्यवस्थापन तथा संचालनका लागि वार्षिक बजेट सहितको कार्यक्रम बनाउने र कार्यपालिकामा पेश गर्ने ।

(च) प्रयोगशालाको गुणस्तर अनुगमन गर्ने र राष्ट्रिय मापदण्ड कायम गर्ने गरी कार्य गर्ने ।

(छ) प्रयोगशालाबाट सेवा प्रवाहका लागि उपभोक्ता वा सेवा प्रदायकले बुझाउनु पर्ने शुल्क कार्यपालिकामा सिफारिस गर्ने र समयानुकूल संशोधन गरी सिफारिस गर्ने ।

(ज) प्रयोगशालाको नियमित व्यवस्थापन तथा संचालनका लागि बवश्यम प्रवन्ध मिलाउने तथा गाउँकार्यपालिका सङ्गको सहकार्यमा आवश्यक अन्य कार्य गर्ने ।

**३.४ प्रयोगशाला संचालन समितिको बैठक र कार्यविधि :**

(क) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ तर बढिमा ४ महिनामा अनिवार्य बैठक बस्ने प्रवन्ध मिलाइने छ ।

(ख) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछन् ।

(ग )बैठक संचालन सम्वन्धि अन्य व्यवस्था समितिले कार्यविधि बनाएर लागु गर्न सक्नेछ ।

परिच्छेद ४

## खानेपानी गुणस्तर परीक्षणको मापदण्ड र सेवा शुल्क

### ४.१ प्रयोगशाला बाट उपलब्ध गराइने सेवा र शुल्क

यस प्रयोगशाला बाट नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०७९ बमोजिम तपसिलका ५ प्रकारका पारामितिहरुको गुणस्तर परीक्षणको सेवाहरु प्रदान गरिने छ ।

(१) धमिलोपना

(२) ई-कोली

(३) क्लोरिन अवशेष

(४) हाईड्रोजन विभव

(५) विद्युतिय संवाहकता

यस प्रयोगशालालाई दिगो रुपमा संचालन गर्नका लागि, प्राविधिकको सेवा सुवसधा तथा परीक्षणका लागि र आवश्यक सामाग्री, रिएजेण्ट तथा औजारहरुको खर्च व्यवस्थापन गर्नका लागि न्युनतम सेवा शुल्क निर्धारण गरिएको छ । ती शुल्क सम्बन्धी दरहरु अनुसूचि १ मा संलग्न गरिएको छ ।

परिच्छेद ५

## प्रयोगशालाको व्यवस्थापनका लागि मानव संशाधन व्यवस्थापन, क्षमता विकास र दिगोपना

### ५.१ मानव संशाधन व्यवस्थापन, क्षमता विकास र दिगोपना :

(क) प्रयोगशालाको नियमित व्यवस्थापन र संचालनका लागि गाउँपालिकाको श्रोतबाट तलब भत्ता उपलब्ध गराउने गरी नेपाल सरकारको करार सेवा अन्तर्गत प्रदान गरिनु पर्ने न्यूनतम तलब सुविधा प्रदान गर्ने गरी हाललाई एकजना र पछि आवश्यक पर्ने भएमा थप गर्न सक्ने गरी कर्मचारी नियुक्ति गरिने छ । यसरी नियुक्त भएको कर्मचारी परिच्छेद ३.२ मा व्यवस्था भए अनुसारको प्रयोगशाला व्यवस्थापन तथा संचालन समितिको मातहतमा रहेर कार्यसम्पादन गर्नु

पर्नेछ । यसरी नियुक्ति गरिने व्यक्तिको शैक्षिक योग्यता र अन्य योग्यता तपसिल बमोजिम हुनेछ ।

- नियुक्ति हुँदाका बखत १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको नेपाली नागरिक ।
- नेपाल सरकारको प्रचलित कानुन बमोजिम फौजदारी अभियोग वा नैतिक पतन हुने कसुर ठहर नभएको व्यक्ति ।
- विज्ञान विषयमा न्यूनतम १०+२ वा आइ.एस्सी वा सो सरहको शैक्षिक योग्यता हासील गरेको ।
- थप योग्यता आवश्यक पर्ने प्रयोगशाला टेक्निसियनको तालिम वा कार्य अनुभव हासील गरी सम्बन्धित विषयमा दक्षता हासील गरेको ।

(ख) प्रयोगशालामा काम गर्ने गरी नियुक्त गरिएको कर्मचारीलाई नेपाल सरकारको करार सेवा अन्तर्गत प्रदान गरिनु पर्ने न्यूनतम तलब सुविधा मासिक नेपाल सरकारको सहायक कर्मचारी सरह हुनेछ । प्रोत्साहनका लागि नियमित तलव सङ्गै प्रत्येक परीक्षणबाट ५ प्रतिशत रकम चौमासिक रुपमा प्रोत्साहन भत्ता स्वरुप प्रदान गरिने छ ।

(ग) क्षमता विकास:

आवश्यकता अनुसार कर्मचारीको क्षमता विकासको प्रवन्ध मिलाइने छ ।

(घ) नियमित कर्मचारीको व्यवस्था नभएको अवस्था प्रयोगशाला संचालन ल्याउन वैकल्पिक व्यवस्थाको रुपमा खानेपानी गुणस्तर परीक्षण तालिम लिएका पालिकाको कर्मचारीहरुलाई खानेपानी गुणस्तर परीक्षणको थप जिम्मेवारी दिने र सो वापत निश्चित प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

## परिच्छेद ६
## विविध

### ६.१ पानी परीक्षण सेवा लिने प्रक्रिया:

(क) यस प्रयोगशालाबाट पानी परीक्षणको सेवा लिन सेवाग्राहीले अनुसूची १ बमोजिम निवेदन फारम भरेर पेश गर्नु पर्नेछ ।

(ख) सेवाग्राहीले परीक्षण गर्नु पर्ने पानीको नमूना प्रयोगशालामा बुझाउनु पर्नेछ । आवश्यकता अनुसार नमूना संकलन कर्मचारीद्धारा पनि गर्न सकिने छ ।

### ६.२ श्रोत व्यवस्थापन

यस पालिकामा संचालन गरिएको खानेपानी गुणस्तर परीक्षण प्रयोगशालामा पानीको गुणस्तर परीक्षणका लागि उपभोक्ताबाट परिच्छेद ४.१ अनुसार शुल्क लिइनेछ । यसरी संकलित राजश्वको आय-व्यय यस गाउँपालिकाको राजश्व शाखाले राख्नेछ र त्यसको प्रतिवेदन चौमासिक रुपमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा संचालन समिति समक्ष पेश गर्नेछ । यसरी संकलित राजश्वलाई पालिकाको आन्तरिक श्रोतको आम्दानी रकम मानी प्रत्येक नमूना संकलन बाट प्राप्त हुने वा चौमासिक रुपमा संकलित राजश्वको एकमुष्ट हिसाबबाट ५० प्रतिशत रकम प्रयोगशाला संचालनका लागि आवश्यक पर्ने सामग्री जस्तै रसायन, रिएजेण्ट आदि खरिद गर्न र प्रयोगशाला व्यवस्थापन तथा संचालन समितिले तोके अनुसार भौतिक सुविधा थप खर्च गरिनेछ भने बाँकी रकम गाउँपालिकाको आम्दानीको रुपमा मूलकोषमा जम्मा गरिनेछ । राजश्व र खर्च सम्बन्धि थप व्यवस्था परिच्छेद ३.१ बमोजिम हुनेछ ।

### ६.३ अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:

गाउँपालिकाले कार्यपालिकाको बैठकबाट यस कार्यविधिको अनुसूचिमा उल्लेखित विवरण, तथ्याङ्क तथा अन्य सूचनाहरु आवश्यकता अनुसार हेरफेर, थप व्याख्या वा थपघट गर्न सक्नेछ । तर यसरी संशोधन गरिएको वाक्याशं वा विवरण संशोधनको संस्करण अनुसार एकै प्रतिमा संलग्न गर्दै जानु पर्नेछ ।

### ६.४ पानीको नमूना संकलन गरी बुझाउने :

आफुले परीक्षण गर्न चाहेको पानीको नमूना श्रोतबाट तोकिएको आधारमा संकलन गरी प्रयोगशालासम्म सुरक्षित रुपमा ल्याउने कार्यलाई नमूना संकलन भनिन्छ । पानीको नमूना संकलन विधि नमूना संकलन गर्ने पानीको श्रोत अनुसार फरक फरक हुन सक्छ । उदाहरणको लागि इनारको पानीको नमूना संकलन गर्न यस प्रकारको विधि अपनाउनु पर्ने हुन्छ भने धारा, ट्युवेल वा खोलाको पानीको नमूना संकलन गर्न अर्को प्रकारका विधि र सतर्कता अपनाउनु पर्ने

हुन्छ । पानीको नमूना संकलन गर्दा पानीमा रहेका भन्दा फरक स्थान वा श्रोतबाट संक्रमण नहोस् भन्नका लागि सतर्कतापूर्वक यो कार्य गर्नु पर्ने हुन्छ ।

**अनुसूची १ : राजश्वको दाखिला तथा भुक्तानी फारम र दर**

सेवा लिन इच्छुक सेवाग्राहीले तल उल्लेखित विवरणको फारम भरी तोकिएको रकम पालिकाको राजश्व खातामा दाखिला गरी एक प्रतिलिपि सहित परिक्षण गर्न चाहेको पानीको नमूना प्रयोगशालामा पेश गर्ने ।

राजश्वको दाखिला तथा भुक्तानी फारम

सेवाग्राहीको नामथर :

ठेगाना :

राजश्व दाखिला गरेको भौचर नं.

राजश्व बुझाएको कुल रकम रु.

प्रयोगशालामा बुझाएको मिति :

रिपोर्ट/ प्रतिवेदन प्राप्त हुने मिति :

| क्र.सं. | पानी परीक्षणका लागि उपलब्ध सूचकहरु | प्रति सूचक मूल्य रु. | | | परिक्षण गर्न चाहेको सूचकमा चिन्ह लगाउने | तिर्नुपर्ने कुल राजश्व रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | पारिवारिक वा व्यक्तिगत | खानेपानी उपभोक्ता वा अन्य सेवा प्रदायक | व्यवसायिक संस्था वा कार्यालय | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | धमिलोपना | रु. १०० | रु. १५० | रु. २०० | | | |
| २ | क्लोरिन अवशेष | रु. २०० | रु. ३०० | रु. ४५० | | | |
| ३ | ई-कोली | रु. ३०० | रु. ४५० | रु. ६०० | | | |
| ४ | हाईड्रोजन विभव | रु. १०० | रु. १५० | रु. २०० | | | |
| ५ | विद्युतिय संवाहकता | रु. १०० | रु. १५० | रु. २०० | | | |
| कुल जम्मा | | | | | | | |

सबै सूचक परिक्षण गर्नु परेमा सेवा शुल्क तिर्नं पर्ने तर ६ वटा वा सो भन्ना कम सूचक परीक्षण गर्न परेको खण्डमा सेवा शुल्कमा ५० प्रतिशत मात्र तिर्नुपर्ने ।

अनुसूचीमा सेवा शुल्क थपघट गर्न सकिनेछ ।

**अनुसूची २ खानेपानी गुणस्तर परीक्षण प्रतिवेदनको ढाँचा**

प्रयोगशालामा बुझाएको मिति :

रिपोर्ट/ प्रतिवेदन प्राप्त हुने मिति :

| क्र.सं. | पानी परीक्षणका लागि उपलब्ध सूचकहरु | अंग्रेजी नाम | खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसारको मानक (अधिकतम सघन सीमा) | इकाई | प्रयोगशालामा परीक्षण पश्चात प्राप्त मानक | प्रयोगशालाको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | धमिलोपना | Turbidity | 5 | NTU | | | NHBGV |
| २ | क्लोरिन अवशेष | Residual chlorine | 0.10-0.50 | Mg/l | | | |
| ३ | ई-कोली | E-coli | 0 | MPN/100ml | | | NHBGV |
| ४ | हाईड्रोजन विभव | PH | 6.5-8.5 | | | | NHBGV |
| ५ | विद्युतिय संवाहकता | Electrivity conductivity | 1500 | us/cm | | | NHBGV |